# अनुदानको अवसरका लागि अभिरुचिको अभिव्यक्ति प्रस्तावना (EOI) को आह्वान

## उत्थानशिलता, अनुकुलन तथा समावेशी नेपाल (RAIN) परियोजना

| **शीर्षक** | समुदायमा आधारित संघसंस्थाहरू (CBOs/CSOs) को लागि अनुदानको अवसर |
|---|---|
| सूचनाको प्रकार | अनुदानको अवसरका लागि अभिरुचिको प्रस्तावना (EOI) |
| सूचना नम्बर | EOI-RAIN-२०२५-००१ |
| सूचना प्रकाशन मिति | असार २५, २०८२ (जुलाई ९, २०२५) |
| CBOs/CSOs को लागि अभिमुखीकरण | असार २९, २०८२ (१३,जुलाई २०२५) दिनको १:३० बजे देखी<br>स्थान महाराजगंज नगरपालिकाको सभा हल, कपिलवस्तु |
| प्रस्तावना पेश गर्ने अन्तिम मिति | साउन ०२, २०८२ (जुलाई १८, २०२५,) बेलुका ५.०० बजे भित्र (नेपाली समय) |
| प्रस्तावना पेश गर्ने ठेगाना | eoi.rain@libird.org |
| नतिजा प्रकाशन | जुलाई २८, २०२५ भित्र (श्रावण १२, २०२८) |

RAIN "उत्थानशिलता, अनुकुलन तथा समावेशी नेपाल" रेन कार्यक्रम, ब्रिटिश दूतावास काठमाडौं (BEK) अन्तर्गत Foreign, Commonwealth & Development Office (FCDO) को आर्थिक सहयोगमा नेपालको मधेश र लुम्बिनी प्रदेशका उच्च जोखिममा रहेका संकटासन्न तथा सिमान्तकृत समुदायहरुको पूर्व सुचना, पूर्व प्रतिकार्य, जलवायु उत्थानशिल तथा अनुकुलन क्षमता अभिवृत्ति गर्ने कार्यक्रम हो । People in Need -PIN को नेतृत्व र DanChurch Aid -DCA को सह-नेतृत्वमा साझेदार संस्थाहरु ली-वर्ड, सिएसआरसि, प्रेरणाद्वारा यो कार्यक्रम सञ्चालन गरिएको छ ।

RAIN कार्यक्रमद्वारा हाल स्थानियस्तरमा दर्ता भई स्थानिय स्तरमा पूर्व सुचना, पूर्व प्रतिकार्य, जलवायु उत्थानशिल तथा अनुकुलनको क्षेत्रमा कार्य गरेको वा उक्त क्षेत्रमा कार्य गर्ने उद्देश्यका साथ दर्ता भएका समुदायमा आधारित स्थानिय संघसंस्था (CBOs/CSOs) हरूसँग अनुदान मार्फत सहकार्य गर्न अभिरुचिको अभिव्यक्ति (EOI) प्रस्तावना आह्वान गरिएको छ। यो आह्वान RAIN कार्यक्रमको समुदायमा आधारित स्थानिय संघसंस्था (CBOs/ CSOs) तथा त्यस्ता सरोकारवालासँग सहकार्य गर्ने प्रतिबद्धताको एक हिस्सा हो, जसले जोखिममा परेका जनसंख्यालाई प्रतिनिधित्व गर्छन् र सेवा पुर्‍याउँछन्।

ईच्छुक आवेदनकर्ताहरूले तल दिइएको QR कोड स्क्यान गरी अभिरुचि प्रस्तावना (EOI) समबन्धि जानकारी र सम्बन्धित कागजातहरू प्राप्त गर्न सक्नुहुने छ । साथै RAIN कार्यक्रमले ईच्छुक आवेदनकर्ताहरू (CBOs/ CSOs) को लागि अभिरुचि प्रस्तावना (EOI) लगायत यसका प्रकृया र आवश्कता सम्बन्धि अभमिुखीकरण कार्यक्रम जुलाई १३, २०२५, दिनको १:३० बजे देखी महाराजगंज नगरपालिकाको सभा हल आयोजना गर्नेछ ।

सुचना प्रकाशनको मितिबाट १० (दश) दिनभित्र प्रस्तावना पेश गर्न सकिनेछ । ईच्छुक संघसंस्थाहरूले आफ्नो अभिरुचि प्रस्तावना तल उल्लेखित कागजातहरू संलग्न गरी जुलाई १८, २०२५ भित्र वा सो मितिभन्दा अगाडि निम्न इमेल ठेगानामा पठाउन अनुरोध गरिन्छ । उक्त मिति भन्दा ढिलो पेश भएका आवेदकहरुलाई समावेश गरिने छैन ।

**प्रस्तावना पेश गर्ने इमेल eoi.rain@libird.org**

**पेश गर्नुपर्ने कागजातहरुः**

१. संस्थाको लेटरहेडमा अनुसूची १ अनुसार तयार पारिएको र हस्ताक्षरित पत्र
२. अनुसूची २ अनुसार संस्थाको संक्षिप्त परिचय
३. अनुसूची ३ मा उल्लेखित संस्थागत दस्तावेजहरू
४. अभिरुचिको अभिव्यक्ति प्रस्तावना पेश गर्ने सम्बन्धमा कार्य समितिको निर्णयको प्रतिलिपि

**अभिरुचिको अभिव्यक्ति प्रस्तावना मुल्याङ्कनका मापदण्डहरूः**

RAIN कार्यक्रमले प्राप्त अभिरुचिको अभिव्यक्ति प्रस्तावनाहरूलाई निम्न मापदण्डहरूको आधारमा मूल्याङ्कन गर्नेछ। मूल्याङ्कनमा सफल भएका संस्थाहरूलाई अनुदान प्राप्तिको प्रक्रिया अन्तर्गतको अर्को चरणमा सहभागी हुन आमन्त्रण गरिनेछ। अभिरुचि प्रस्तावना (EOI) प्रकृयाको नजिता जुलाई २८, २०२५ भित्र सार्वजनिक गरिनेछ। सम्बन्धित स्थानिय तहहरुको सूचनापाटीमा नतिजा टांस गर्नुका साथै RAIN कार्यक्रमले प्रत्येक आवेदनकर्ताहरुलाई सफल वा असफल जे भए पनि नतिजा इमेल मार्फत जानकारी दिनेछ।

**क) संस्थाको दर्ता तथा नविकरणको स्थिति**

जिल्ला प्रशासन कार्यालय वा सम्वन्धित पालिकामा दर्ता भएको, चालू आर्थिक वर्षको नविकरण गरिसकेको, स्थायी लेखा नम्बर (PAN/VAT) प्राप्त गरेको, अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको।

**ख) विगतको कार्यसम्पादनः**

समुदायस्तरमा परियोजना कार्यान्वयन गरेको अनुभव, विशेष गरी विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन, पूर्वसुचना, पूर्व प्रतिकार्य, सामाजिक समावेशिता, प्रकृतिमा आधारित समाधान, अनुकूलन आदि क्षेत्रमा कार्यानुभव भएको।

**ग) संस्थागत क्षमताः**

सक्रिय कार्यकारी समिति, महिला तथा सिमान्तकृत समूहका प्रतिनिधिहरूले नेतृत्व वा कार्यकारी समितिमा समावेश, पर्याप्त कर्मचारी व्यवस्था, स्पष्ट संस्थागत नीतिहरू (जस्तैः वित्तीय, बाल/महिला संरक्षण, भ्रष्टाचारविरोधी, मानव संसाधन, खरिद प्रक्रिया आदि) रहेको।

*नोटः* यो अभिरुचिको अभिव्यक्ति प्रस्तावना आह्वानले RAIN कार्यक्रम, यसको कार्यान्वयन साझेदारहरू वा FCDO को तर्फबाट कुनै प्रकारको अनुदान प्रदान गरिने वा सम्झौता गरिने सुनिश्चितता जनाउने छैन। साथै, अभिरुचिको अभिव्यक्ति प्रस्तावना पेश गर्दा लाग्ने कुनै पनि खर्चको भुक्तानी गरिने छैन। यदि कुनै आवेदन कार्यक्रमको र FCDO को सर्वोत्तम हितमा ठहरिन्छ भने RAIN कार्यक्रमले प्राप्त अभिरुचिको अभिव्यक्ति प्रस्तावनाहरूमध्ये कुनै पनि प्रस्ताव अस्वीकार गर्ने, वा थप छलफल वा वार्ताविना कुनै प्रस्तावलाई चयन गर्ने अधिकार सुरक्षित राख्दछ।

## अनुसूचीः १

(कृपया यो पत्र तपाईंको संस्थाको लेटरहेडमा लेख्नुहोस्)

मितिः *गते महिना वर्ष*

श्री

उत्थानशिलता, अनुकुलन तथा समावेशी नेपाल RAIN परियोजना

**विषयः अनुदानको लागि अभिरुचिको अभिव्यक्ति प्रस्तावना**

सन्दर्भः EOI-RAIN-2025-001

श्री कार्यक्रम प्रमुख ज्यू

..............स्थानीय सरकारको सूचना पाटीमा जुलाई ९, २०२५ मा प्रकाशित RAIN कार्यक्रम अन्तर्गत अनुदानको लागि अभिरुचिको अभिव्यक्तिको प्रस्तावना आह्वानको सन्दर्भमा, हाम्रो संस्था यस कार्यक्रमसँग सहकार्य गर्न इच्छुक रहेको जानकारी गराउन पाउँदा हामी खुशी छौं ।

स्थानीय पालिकाको नेतृत्वमा कार्यान्वयन हुने निम्न विषयगत क्षेत्रमा आधारित गतिविधिहरूमा हामि कार्य गर्न यो अभिरुचिको अभिव्यक्तिको प्रस्तावना पेश गर्न चाहन्छौं:

१. पूर्व सूचना प्रणाली (Early Warning)
२. पूर्व प्रतिकार्य (Early Action)
३. अनुकूलन/प्रकृतिमा आधारित समाधान (Adaptation/Nature–based Solutions)
४. अपांगता र समावेशिता (Disability and Inclusion)

साथै, अनुदानको लागि अभिरुचिको अभिव्यक्तिको प्रस्तावनामा उल्लेख भए अनुसारको संस्थागत जानकारी र आवश्यक कागजातहरु यसै पत्र साथ संलग्न गरिएको छ । पेश गरिएका जानकारी र आवश्यक कागजातहरु सत्य र प्रमाणित छन् भन्ने कुरामा हामी पुष्टि गर्दछौं ।

हामीलाई आवेदनको मौका दिनुभएकोमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा सहकार्य गर्ने अवसरको अपेक्षा राख्दछौं ।

संलग्न कागजातहरूः

१. संस्थाको संक्षिप्त परिचय

२. संस्थागत कागजातहरू:

   क. दर्ता प्रमाणपत्र र नविकरणको प्रतिलिपि

   ख. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि

   ग. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

   घ. पछिल्लो अडिट प्रतिवेदनको प्रतिलिपि

३. कार्यकारी समितिको निर्णयको प्रतिलिपि (अभिरुचिको अभिव्यक्तिको प्रस्तावना पेश गर्ने सम्बन्धमा)

संस्थाको तर्फबाट

हस्ताक्षर:

नाम:

पद:

मिति:

संस्थाको छाप/सिल:

## अनुसूची २ : संस्थाको संक्षिप्त परिचय

(कृपया तलको ढाँचामा आफ्नो संस्थाको विवरण भरी हस्ताक्षर र छाप लगाउनुहोस्)

**क. परिचयात्मक भाग**

| | |
|---|---|
| १. संस्थाको पुरा नामः | |
| २. संस्थाको ठेगानाः | प्रदेशः जिल्लाः<br>स्थानिय तहः<br>वडा नं. गाउँ वा टोलः |
| ३. स्थापना मितिः | ई.सं.: गते/महिना/साल वि.सं: गते/महिना/साल |
| ४. संस्थाको दर्ता नम्बरः | |
| ५. संस्था दर्ता गरिएको वर्षः | |
| ६. दर्ता कार्यालयः (जिल्ला प्रशासन कार्यालय वा स्थानीय तह/पालिका) | |
| ७. नविकरण गरिएको अन्तिम मितिः | गते/महिना/साल |
| ८. प्यान भ्याट दर्ताः | |
| ९. पछिल्लो कर चुक्ता गरिएको आर्थिक वर्षः | |
| १०. पछिल्लो अडिट गरिएको आर्थिक वर्षः | आर्थिक वर्षः |
| ११. सम्पर्क विवरणः | फोन नम्बरः<br>इमेलः |
| १२. संस्थाको आधिकारिक सम्पर्क व्यक्तिहरूको नाम र पदः | |
| क. आधिकारिक सम्पर्क व्यक्तिः | नामः<br>पदः<br>सम्पर्क नम्बरः |
| ख. वैकल्पिक सम्पर्क व्यक्तिः | नामः<br>पदः<br>सम्पर्क नम्बरः |

**ख. संस्थाको शुशासन र आन्तरिक क्षमताः**

| | |
|---|---|
| १. संस्थाको कार्यसमिति | **कार्यसमितिको जम्मा संख्याः**<br>• महिला सदस्य संख्याः<br>• पुरुष सदस्य संख्याः<br>• नन-बाइनरी तथा यौनिक र लैंगिक अल्पसंख्यक सदस्यहरूको संख्याः<br>• दलित समुदायबाट सदस्य संख्याः<br>• जनजाति समुदायबाट सदस्य संख्याः<br>• अपांगता भएका व्यक्तिहरूको संख्याः<br>• अन्य अल्पसंख्यक तथा सीमान्तकृत समूहका सदस्यहरूः |

| कार्यसमितिका सदस्यहरूको नामावलीः | पद | लिंग | अपांगता (हो वा होइन) | जातीयता | मोबाइल नम्बर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | |
|---|---|
| ३. पछिल्लो साधारण सभा सम्पन्न मितिः | गते/महिना/साल |
| ४. कार्यसमिति बैठक बस्ने अवधिः | मासिकः<br>त्रैमासिकः<br>अन्य (यदि छ भने) |
| ५. पछिल्लो ६ महिनामा बसेका कार्यसमिति बैठकहरूको संख्याः | |
| ६. पछिल्लो कार्यसमिति बैठक सम्पन्न मितिः | गते/महिना/साल |
| ७. नियमित कर्मचारी संख्याः | कार्यक्रम संचालन गर्ने कर्मचारीः<br>प्रशासनिक कर्मचारीः |

**ग. विगतको कार्य अनुभव (यस EOI सँग सम्बन्धित अधिकतम तीन परियोजनाको संक्षिप्त विवरण समावेश गर्नुहोस्)**

| क.सं. | क्रियाकलापको नाम | विषयगत क्षेत्र (तल दिइएका मध्ये चयन गर्नुहोस्)<br>१. पूर्व सूचना प्रणाली<br>२. पूर्व प्रतिकार्य<br>३. अनुकूलन/प्रकृतिमा आधारित समाधान<br>४. अपांगता र समावेशिता | दातृ संस्था | कार्यक्रमको संक्षिप्त विवरण | कार्यक्रम संचालन गरेको स्थानिय तह (पालिका/वडा नं./टोल) | कार्यक्रमको अवधि | | जम्मा बजेट (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | परियोजना शुरु मिति | परियोजना अन्त्य मिति | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**अनुसूची ३. संस्थागत कागजातहरूको चेकलिस्ट (कृपया निम्न कागजातहरूको प्रतिलिपि संलग्न गर्नुहोस्)**

क. संस्थाको दर्ता प्रमाणपत्र र नविकरणको प्रतिलिपि

ख. PAN/VAT प्यान तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

ग. पछिल्लो कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

घ. पछिल्लो अडिट प्रतिवेदनको प्रतिलिपि

ङ. कार्य अनुभवको प्रमाणपत्र वा पत्र (यदि उपलब्ध भएमा)